शान्ति र समृद्धिको संवाहक...

# गौतमबुद्ध सन्देश

www.gautambuddhasandesh.com

राष्ट्रिय दैनिक

वर्ष ६ | अंक: १३३ | २०७७ कार्तिक ३ गते, सोमबार | 19 Oct. 2020 Sunday | पृष्ठ संख्या: ४ | मूल्य रु. : ५

गौतमबुद्ध मिडिया प्रा.लि. द्वारा सञ्चालित

रेडियो रिपब्लिक ८८.२ आवाज नेपाली को

प्रधान कार्यालयः
नारायणपथ, भैरहवा
फोनः ०७१-५२५४३२

## आइसियु बेड खोज्दा खोज्दै वडा सचिवको ज्यान गयो

**गौतमबुद्ध सन्देश**
भैरहवा, कार्तिक २



कुनै दुर्गम गाउँ होइन, बुटवल । लुम्बिनी प्रदेशको अस्थायी राजधानी । प्रदेश अस्पताल र कोरोना बिशेष अस्पताल छ । उपमहानगरपालिकाकै कर्मचारी आईसियु बेड नपाएरै ज्यान गुमाउन विवश भए ।

गत मंगलबारदेखि कोरोना पोजेटिभ देखिएका बुटवल उपमहानगरका वडा सचिवको उपचार नपाएरै शनिबार साँझ मृत्यु भएको छ । असोज २७ गते कोरोना पोजेटिभ देखिएका बुटवल उपमहानगर ८ का ४९ वर्षे ती वडा सचिव घरमै सेल्फ आइसोलेसनमा बसेका थिए ।

शुक्रबार रातीदेखि उनलाई स्वास्थ्य समस्या शुरु भयो । परिवारले शनिबार बिहानै पाँच बजेदेखि नै बुटवल भैरहवाका कोभिड अस्पतालहरुमा भर्णा गराउन पहल गरे । तर कोभिड अस्पतालहरुमा बेड खाली नभएपछि चिकित्सकहरुले भैरहवा मेडिकल कलेजमा लैजान सुझाव दिए । मेडिकल कलेजमा पनि बेड खाली नभएपछि बिहान ८ बजे उनलाई लुम्बिनी प्रादेशिक अस्पतालको ज्वरो उपचार क्लिनीकमा लगियो । विडम्बना नै मान्नुपर्छ, प्रादेशिक अस्पतालको ज्वरो क्लिनीकमा पनि बेड पाईएन । बेड खोज्न प्रयास गर्दा गर्दै उनलाई स्वासप्रश्वासमा झन् समस्या देखियो । डेढ घण्टा एम्बुलेन्स भित्रै राख्दा उनको अवस्था झन् खस्किदै गयो । साढे ९ बजे क्लिनीकमा बेडको व्यवस्था भएपछि एम्बुलेन्सबाट झिकेर उपचार शुरु भयो । आइसीयू उपचार गर्नपर्ने भनेका ती बिरामीलाई दिउँसो साढे ४ बजेसम्म ज्वरो क्लिनीकमै समान्य अक्सिजनको भरमा राख्दा अवस्था कमजोर हुँदै गएको आफन्तहरुले जनाएका छन् ।

चारैतिर भनसुन र दवावपछि साँझ पाँच बजे धागो कारखानामा रहेको कोरोना अस्पताल लगिएको थियो । तर साँझ ६ बजेतिर उनको ज्यान गयो । कोरोना अस्पतालमा रहेका १७ बेड आइसीयु पहिले नै भरिएकाले समयमै भर्ना गरेर उपचार गर्न नसकिएको लुम्बिनी प्रादेशिक अस्पतालका सूचना अधिकारी डा. बिष्णु गौतमले बताए । 'हामीले सक्दो प्रयास गरेका हौं तर आइसीयू भेन्टिलेटर खाली नै नभएपछि थपिएका संक्रमितको उपचारमा निकै समस्या भइरहेको छ' डा. गौतमले भने ।

संक्रमितका आफन्तले पनि दिनभर हारगुहार गर्दा समेत उपचार नपाएरै बिरामीको ज्यान गएको भन्दै आक्रोस व्यक्त गरेका छन् । 'प्रदेश सरकारले बुटवलमा के को रमिता हेरेर बसीरहेको छ? राष्ट्र सेवक कर्मचारीकै लागि हार गुहार गर्दा पनि उपचार नपाएर ज्यान गुमाउनु पर्छ भने सामान्य नागरिकको अवस्था के होला? मृतकका एक जना आफन्तले आक्रोस पोखे । केही दिनअघि पनि बुटवलका दुई पुरुष, तिलोत्तमाकी एक महिला र नवलपरासी र अर्घाखाँचीका एकरएक जनाको आइसीयू बेड खोज्दा खोज्दै मृत्यु भएको थियो ।

रुपन्देहीसहित कपिलवस्तु, नवलपरासी, गुल्मी, पाल्पा र अर्घाखाँचीका संक्रमितहरुलाई उपचाका लागि बुटवल ल्याइन्छ । तर बुटवलको कोरोना अस्पतालका आइसीयू, भेन्टिलेटरसहित आइसोलेसन बेडहरु भरिएका छन् । भैरहवाको भिम अस्पतालमा पनि बेड भरिएका छन् । लुम्बिनी प्रादेशिक अस्पताल बुटवलको ज्वरो क्लिनीकमा पनि बेड खाली नभएकाले गम्भीर लक्षण देखिएका संक्रमितको उपचारमा समस्या भइरहेको अस्पतालका डा. बिष्णु गौतमले बताए ।

➢ बाँकी ३ पेजमा...

## भीम अस्पतालका १० स्वास्थ्यकर्मीमा कोरोना, ओपिडी सेवा बन्द

**गौतमबुद्ध सन्देश**
भैरहवा, कार्तिक २

जिल्ला अस्पतालको रुपमा रहेको भीम अस्पतालमा कार्यरत १० जना स्वास्थ्यकर्मीहरुलाई कोभिड १९ पोजेटिभ देखिएपछि आईतवारदेखि अस्पताल बन्द भएको छ ।

अस्पतालका सूचना अधिकारी डा.नारायण पोखरेलका अनुसार मेडिकल अफिसर, कन्सल्टेण्ट, नर्सलगायतका स्वास्थ्यकर्मीमा कोभिड पोजेटिभ देखिएको हो । यससँगै सोमवारदेखि अर्को सूचना नभएसम्म ओपिडी सेवा बन्द गरिएको पोखरेलले जानकारी दिए । उनका अनुसार प्रसुति सेवा र कोभिडका बिरामीको उपचार भने यथावत रहने छ । भीम अस्पतालमा ५ वटा आइसियु बेड रहेका छन् । यहाँ हाल ३६ जना कोभिडका बिरामीको उपचार भैरहेको छ ।

यसैबीच लुम्बिनी प्रादेशिक अस्पतालमा कार्यरत एक सयभन्दा बढी स्वास्थ्यकर्मी तथा कर्मचारीहरुलाई कोभिड १९ पोजेटिभ देखिएको छ । चिकित्सक, नर्स, स्वास्थ्यकर्मी, लेखा, सफाई विभागलगायतमा कार्यरत कर्मचारीमा कोरोना संक्रमण देखिएको हो । कतिपय निको भैसकेका र कतिपय सक्रिय संक्रमित रहेका छन् ।

पछिल्लो समय अस्पतालहरु कोभिड संक्रमणका केन्द्र बन्दै गैरहेका छन् । चिकित्सक, स्वास्थ्यकर्मी, कर्मचारीदेखि अन्य रोगको उपचारका लागि आउने बिरामी तथा कुरुवामा समेत धमाधम कोरोना संक्रमण देखिएको छ । पाल्पा जिल्ला अस्पतालका चिकित्सक तथा स्वास्थ्यकर्मीमा कोरोना संक्रमण देखिएपछि आईतवारदेखि अनिश्चितकालीन बन्द गरिएको छ ।

## खाद्य पदार्थ आयात गर्दा जाँचै हुँदैन घातक विषादी

**गौतमबुद्ध सन्देश**
भैरहवा, कार्तिक २

भारत लगायत तेस्रो मुलुकबाट खाद्य पदार्थ आयात गर्दा घातक विषादी प्रयोग भएको छ/छैन भन्ने जाँचै नहुने गरेको पाइएको छ । उपकरण र कर्मचारीको अभाव जस्ता कारण देखाउँदै सीमा नाकामा स्थापित गुणस्तर नापजाँच कार्याहलयहरुले सामान्य लेबलिङ र प्याकेजिङ हेरेर मात्रै गुणस्तर प्रमाणित गर्ने गरेका छन् । माइक्रोबायोलोजी प्यारामिटरभित्र प्रयोग हुने घातक विषादी भने जाँच हुँदैन । जसले गर्दा अखाद्य पदार्थहरु नेपाल भित्रिरहेका छन् ।

भारतलगायत तेस्रो मुलुकबाट खाद्य पदार्थ आयात गर्दा सुरुमा नेपाल सरकारको अनुमति पत्र चाहिन्छ । आयात गर्ने खाद्यवस्तुको खाद्य आयात-निर्यात तथा गुणस्तर प्रमाणीकरण कार्यालयले हरेक नमूनाको गुणस्तर परीक्षण गरेर स्वस्थकर प्रमाणित गरेपछि मात्रै भन्सार पास हुने व्यवस्था गरिएको छ । तर, लेबलिङ र प्याकेजिङ मात्रै हेरेर गुणस्तर प्रमाणित गर्ने गर्दा अखाद्यपदार्थ नेपाल भित्रिरहेको हो ।

'यहाँ उपलब्ध उपकरणबाट गुणस्तर कार्यालयले अन्न प्रशोधन गरि बनाएका परिकारमा कुल घुलनशील ठोस र एसिडिटीमात्रा, रोगकिरा, खाद्यवस्तुको लेबल, ग्रेडिङनुसार जलास्म, रिफ्याक्टिभ इन्डेक्स, तेलहनमा एसिडको मान र अपवर्तनी सूचकांक हेर्छ', खाद्य आयात-निर्यात गुणस्तर प्रमाणीकरण कार्यालय, रुपन्देहीका प्रमुख दीपक कुँवरले भने, 'यी बाहेक खाद्य पदार्थहरुमा प्रयोग भएको बिषादी, रासायनिक पदार्थ र माइक्रो बायोलोजिकल प्यारामिटरहरु भने परीक्षण गरिदैन । यो सुविधा यहाँ छैन ।'

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले गुणस्तर मापनका लागि एक सय २५ वटा खाद्य पदार्थको न्यूनतम मापदण्ड तोकेको छ । यसैका आधारमा भारत तथा तेस्रो मुलुकबाट आयात हुने खाद्यपदार्थको देशका १२ वटा

➢ बाँकी ४ पेजमा...

**हार्दिक शुभकामना**

हिन्दुहरुको महान पर्व विजयादशमी, शुभ दिपावली एवं छठ पर्वको पावन अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली आमाबुवा, दाजुभाई, दिदी बहिनीहरुमा शुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको कामना गर्दै सु-स्वास्थ्य एवं दीर्घायुको लागि हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं ।





अजय बर्मा (अध्यक्ष)
एवं **जनता समाजवादी पार्टी, रुपन्देही परिवार**

**हार्दिक शुभकामना**

हिन्दुहरुको महान पर्व विजयादशमी, शुभ दिपावली एवं छठ पर्वको पावन अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली आमाबुवा, दाजुभाई, दिदी बहिनीहरुमा शुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको कामना गर्दै सु-स्वास्थ्य एवं दीर्घायुको लागि हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं ।





नेत्र प्रसाद आचार्य
एवं **पवित्रा स्टोर्स परिवार**
सिनपा-६, गल्लामण्डी

# पाँच वर्षमा मानव बेचबिखन सम्बन्धि ११३८ मुद्दा दर्ता

**गौतमबुद्ध सन्देश**
भैरहवा, कार्तिक २




आर्थिक वर्ष २०७२/७३ देखि २०७६/७७ सम्म (पाँच वर्षको अवधिमा) मानव बेचबिखन तथा ओसारपसारसम्बन्धि १ हजार १ सय ३८ वटा मुद्दा दर्ता भएको छ । जसमा १ हजार ५ सय ७ जना व्यक्तिहरुको संलग्नता रहेकोमा १ हजार ८० जना पुरुष र ४२१ महिला रहेका छन् ।

माइती नेपाल आवधिक गृह भैरहवा, रुपन्देहीले आइतबार भैरहवामा आयोजना गरेको स्थानीय सरोकारवाला, प्रहरी, अधिवक्तासंग अन्तरक्रियामा कार्यक्रममा तथ्यांक प्रस्तुत गर्दै माइती नेपालकी कार्यक्रम संयोजक माया क्षेत्रीले नेपाल प्रहरीको तथ्यांक अनुसार पाँच वर्षको अवधिमा १ हजार १ सय ३८ मुद्दा दर्ता गरिएको बताइन् । क्षेत्रीका अनुसार सन् २००२ देखि २०१९ सम्म मानव बेचबिखनसम्बन्धि ५३२ वटा मुद्दा दर्ता भएका छन् ।

त्यस्तै मानव अधिकार आयोगको २०१९ को प्रतिवेदन अनुसार ३५ हजार व्यक्ति बेचबिखनमा परेका छन्, जसमध्ये १५ हजार महिला र ५ हजार बालबालिका रहेका छन् । त्यस्तै वयस्क मनोरञ्जन क्षेत्रमा ७ हजार ८ सय, वैदेशिक रोजगारमा १२ हजार, निकृष्ठ बालआश्रममा १२ हजार र हराएका तथा फेला नपरेका ३ हजार २ सय व्यक्ति बेचबिखनमा परेको क्षेत्रीले जाजकारी दिइन् । नेपालमा १५ लाख जनसंख्या बेचबिखनको जोखिममा रहेको र यो कुल जनसंख्याको ६ प्रतिशत रहेको उनले बताइन् । त्यस्तै नेपालमा लकडाउन सुरु भएदेखि मानव बेचबिखनसम्बन्धि ११ वटा मुद्दा दर्ता भएको उनले जानकारी दिइन् । लकडाउन अवधिभरी मानव बेचबिखनका केसहरुबाहेक घरेलु हिंसाको २५२, मानसिक यातनाको १४, यौन दुर्व्यवहारको ५५, हराइरहेका केसको ६१ र बालविवाहको २४ जना पीडितलाई माइती नेपालले सहयोग गरेको उनले बताइन् ।

कोरोना संक्रमणको अवस्थामा मानव बेचबिखन नियन्त्रणमा विभिन्न समस्या देखिएको क्षेत्रीको भनाइ छ । देशभर सरकारका तीनै तहहरुले लडकडाउन, निषेधाज्ञा, कर्फ्यु लगाए पनि महिला तथा बालबालिका हराउने क्रम नरोकिएको, सरकारको तत्कालिन र दीर्घकालिन नीतिगत तथा कार्यगत व्यवस्थाहरुतर्फ ध्यान नपुगेको, बेचबिखन पीडितहरुको उद्दारमा स्पष्ट नीति नभएकोले कठिनाइ भएको उनले बताइन् ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि रुपन्देहीका सहायक प्रमुख जिल्ला विजयराज पौडेलले आधा जनसंख्या ओघटेको महिला पछि परेको देशमा विकासको गति अगाडी बढ्न नसक्ने बताए । उनले महिलासम्बन्धि धेरै समस्याहरुमध्ये बेचबिखन र घरेलु हिंसा पनि भएको बताए । मानव बेचबिखनको रोकथामको लागि माइती नेपाल अग्रसर भएर काम गरिरहेको उनको भनाइ थियो । जिल्ला सरकारी वकिल कार्यालय रुपन्देहीका जिल्ला न्यायाधिवक्ता डम्बर प्रसाद काफ्लेले नजिकका आफन्त नै मानव बेचबिखनमा संलग्न रहेको पाइएको बताए । उनले अपराध भएपछि अपराधीलाई अदालतसम्म पुऱ्याउनेबाहेक अन्य कार्यमा ध्यान पुग्न नसकेको बताए ।

जिल्ला प्रहरी कार्यालय रुपन्देहीका प्रहरी नायब उपरीक्षक एवं प्रवक्ता खड्क बहादुर खत्रीले मानव बेचबिखनको रोकथामको लागि जनस्तरमै जनचेतनामूलक कार्यक्रमको आवश्यकता रहेकोमा जोड दिए । उनले पछिल्लो समय लकडाउनपछि मानव बेचबिखनसम्बन्धि उजुरी कम आएको बताए ।

## सिटिजन्स बैंकले तिनाउ मिसनलाई प्राप्ति गर्ने

बुटवल, २ कार्तिक, (गौबुस) । बुटवलमा प्रधान कार्यालय रहेको सिटिजन्स बैंक इन्टरनेशनल र बुटवलस्थित तिनाउ मिसन डेभलपमेन्ट बैंक एक आपसमा गाभिने भएका छन् । सिटिजन्स बैंकले तिनाउ मिसनलाई प्राप्ति गर्ने गरी सम्झौतापत्रमा हस्ताक्षर भएको छ । प्राप्ति सम्बन्धी सम्झौतापत्रमा सिटिजन्सका सञ्चालक तथा मर्जर समिति संयोजक प्रवलजंग पाण्डे र तिनाउ मिसनका सञ्चालक तथा मर्जर एवं प्राप्ति समितिका संयोजक राजेन्द्र प्रसाद ओझाद्वारा सम्झौतामा हस्ताक्षर गरिएको सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेडका प्रमुख कार्यकारी अधिकृत गणेश राज पोखरलेले बताए ।

बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३ बमोजिम सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेडले नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतप्राप्त, बुटवलमा प्रधान कार्यालय रहेको तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेडलाई प्राप्ति गर्ने गरी उक्त कम्पनीसंग प्रारम्भिक सम्झौतापत्रमा हस्ताक्षर गरिएको प्रमुख कार्यकारी अधिकृत प्रदिपकुमार श्रेष्ठले बताए ।

## आईसियु बेड....

रुपन्देहीमा मात्रै कोरोनाबाट ४९ जनाको मृत्यु भइसकेको छ । संक्रिय संक्रमितकै संख्या १५ सय नाघेको छ । पछिल्लो पटक थपिएका संक्रमित मध्ये अधिकांश लक्षणसहितका छन् । तर लक्षणसहितका संक्रमितको अनुपातमा कोभिड अस्पतालहरुमा शैया, जनशक्ति र उपकरण थपिएको छैन । कोरोना संक्रमणको प्रारम्भिक चरणमा तयार गरिएका संरचनाले नै अहिले सम्म काम चलाइएको छ । जसका कारण दिर्घरोग भएका वा गम्भीर लक्षण सहितका संक्रमितहरु समेत होम आइसोलेसनमा बस्न बाध्य छन् ।

उनीहरुले अस्पतालमा भर्ना पाउन सकेका छैनन् । आइसीयू भेन्टिलेटर मात्रै हैन अक्सिजनको समेत पर्याप्त व्यवस्था नहुँदा दिर्घरोग नभएका र युवा उमेर समूहकाले समेत ज्यान गुमाउनु परिरहेको स्वास्थ्य अधिकारीहरुले बताएका छन् । उपमहानगरका वडा सचिवको यसरी ज्यान जाँदा समेत संघीयतामार्फत सिंहदरबारको अधिकार पाएका स्थानीय निकाय मौन छन् । जिल्लामा रहेका १६ वटा स्थानीय निकायले कोरोना महामारीमा करोडौं रुपैयाँ खर्च गरेका छन् । राहत वितरण, क्वारेन्टाइन निर्माणदेखि अन्य शीर्षकमा कागजी खर्च देखाएर लुट मच्चाइएको छ । तर, आईसियु बेड थप्न कुनै चासो छैन ।

## दशैं–तिहारमा शाइन रेसुङ्गा बैंकको डिजिटल उपहार योजना

शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लि.
SHINE RESUNGA DEVELOPMENT BANK LTD.

बुटवल, २ कार्तिक, (गौबुस) । नेपालीहरुको महान चाड दशैं र तिहारलाई लक्षित गरी शाइन रेसुङ्गा डेभलपमेन्ट बैंकले विभिन्न उपहार योजना ल्याएको छ । 'यसपालीको दशै तिहारलाई डिजिटल बनाऔं, स्मार्ट बनौं' नाराका साथ बैंकले नयाँ ग्राहकलाई प्रोत्साहन गर्न पहिलोपटक रजिष्टर भई मोबाइल बैकिङ्ग एपबाट कारोबार गर्ने दुई भाग्यशाली ग्राहकहरुलाई १/१ थान स्मार्ट फोन प्रदान गर्ने भएको छ ।

त्यस्तै शाइन रेसुङ्गा बैंकको मोबाइल एपमार्फत रकम ट्रान्सफर, मोबाइल टपअप, बिल भुक्तानी लगायतका कार्य गर्ने ५ जना भाग्यशाली ग्राहकहरुलाई १/१ थान स्मार्ट फोन प्रदान गरिनेछ । यी दुवै उपहार योजना कार्तिक १ देखि मंसिर ५ सम्म लागु हुने बैंकको प्रधान कार्यालयकी चिफ अपरेसन अफिसर नम्रता थापाले जानकारी दिइन् ।

यस्तै दशै टिका विशेष उपहार योजना अन्तर्गत टिकाको दिन शाइन रेसुङ्गा बैंकको मोबाइल एपमार्फत रकम ट्रान्सफर, मोबाइल टपअप, बिल भुक्तानी लगायतका कार्य गर्ने १ जना भाग्यशाली ग्राहकलाई १ थान स्मार्ट फोन कार्तिक १० गते प्रदान गरिने योजना रहेको थापाले जानकारी दिइन् ।

यी सबै उपहार योजनामा बैंकका ६९ वटा शाखाका ४ लाख बढी ग्राहक सहभागी हुन पाउने र गोलाप्रथाबाट भाग्यशालीले उपहार प्राप्त गर्ने बैंकले जनाएको छ ।

## स्कुले विद्यार्थीले बनाए स्वचालित सेनिटाइजर मेसिन

बुटवल, २ कार्तिक, (गौबुस) । कोरोना महामारीले धेरैलाई कामविहीन बनाए पनि सिर्जनशील काम गर्न चाहनेलाई यसले अवसर पनि दिएको छ । लकडाउनका कारण विद्यालय बन्द हुँदा फुर्सदिलो बनेका बुटवलका दुई जना स्कुले विद्यार्थीले स्वचालित सेनिटाइजर मेसिन बनाएर आम्दानीको स्रोत बनाएका छन् । कालिका मानवज्ञान मावि बुटवलमा कक्षा १० मा अध्ययनरत विशाल लम्साल र कक्षा १२ का कपिल लम्सालले लकडाउनको अवधिमा स्थानीय बजारमै पाइने कच्चा पदार्थ प्रयोग गरेर स्वचालित सेनिटाइजर मेसिन बनाएका हुन् ।

कोरोना संक्रमणबाट जोगिने उपायस्वरुप लम्साल दाजुभाइले एकमहिनाको प्रयासमा विद्युतबाट चल्ने स्वचालित मेसिन तयार गरेका हुन् । ६ इन्चको पीभीसी पाइप काटेर डिजाइन निकाली त्यसमा मोटर जोडेर अल्ट्रासोनिक सेन्सरसहित आडिनो आईसी प्रोग्रामिङ गरेर उक्त मेसिन तयार गरिएको कपिलले बताए । उक्त मेसिनमा साढे २ लिटरदेखि ५ लिटरसम्म सेनिटाइजरको झोल राख्न सकिने उनले बताए । अब घरायसी प्रयोजनका लागि १ लिटरको मेसिन पनि बनाउने तयारीमा रहेको उनले बताए । कोरोना संक्रमणको जोखिमको बेलामा सेनिटाइजरको बोत्तल नछोई हात सेनिटाइज गर्न सकियोस् भनेर स्वचालित मेसिन बनाएको उनीहरुको भनाइ छ ।

३ हजारदेखि १० हजार रुपैयाँसम्म मूल्य पर्ने सेनिटाइजर मेसिन रुपन्देही र गुल्मीका विभिन्न विद्यालयले खरिद गरेर प्रयोगमा ल्याएका कपिलले बताए । अस्पताल, बैंक, सहकारी, सपिङ मल र घरमा समेत यो मेसिन प्रयोग गर्न सकिने उनले बताए । 'यसको विशेषता प्रयोग गर्ने बेला आफैं सेनिटाइजर झर्ने र प्रयोग गरेपछि आफै बन्द हुने हो'- निर्माणकर्ता विशालले भने-'भारतबाट आयात हुने यस्तै मेसिनको मूल्य १५ हजार माथि छ, तर हामीले बनाएको धेरै सस्तो छ ।' सेनिटाइजरबाहेक स्याम्पु, साबुन लगायतका तरल पदार्थ झार्नका लागि समेत यो मेशिन उपयोगमा ल्याउन सकिने कपिलले बताए । स्वदेशमै बनाइएको यो मेसिनलाई प्रबर्द्धन गर्न सम्बन्धित निकायले चासो देखाउनुपर्ने कालिका मानवज्ञान माविका शिक्षक युवराज कंडेलले बताए । 'सरकारी निकायबाट सहयोग र प्रोत्साहन भयो भने यी विद्यार्थीले अझ परिस्कृत र परिमार्जित नयाँ-नयाँ आविश्कार गर्न सक्छन्,' उनले भने, 'कोरोना संक्रमणको जोखिम बढ्दै जाँदा यस्ता अटोमेटिक सेनिटाइजर मेसिनहरुको प्रयोगलाई प्रवर्द्धन गरेर संक्रमण कम गराउन सकिन्छ ।'

**मालपोत कार्यालय अर्घाखाँचीबाट नरे पुन मगरका नामको जग्गा नामसारी सम्बन्धि विषयमा मिति २०७७।०६।३० मा जारी भएको ३५ दिने सार्वजनिक सुचना ।**

यसमा जिल्ला अर्घाखाँची मालारानी गाउँपालिका वार्ड नं. ६ साविक हंसपुर गा.वि.स. वडा नं. ४ बस्ने मधेको नाती नरे पुन मगरको छोरा पूर्ण बहादुर पुन मगरले आफ्नो बुवा नरे पुन मगरका नाममा दर्ता श्रेस्ता कायम रहेका तपशिलमा उल्लेखित जग्गा नामसारी गरिपाउ भनि मालारानी गाउँपालिका ६ नं. वडाको च.न. ४४२ मिति २०७७।०६।२२ को किटानी सिफारिस सहित माग निवेदन पेश गरेकोमा निजको मिसिल सामेल प्रमाण कागज हेर्दा जग्गाधनि नरे पुन मगरको मिति २०४६ सालमा मृत्यु भएको निजको एकमात्र श्रीमती पवि पुनको पनि मिति २०४५।१।२० मा मृत्यु भएको निज दम्पतिका दुई भाई छोराहरु जेठो ओमे पुन मगर र कान्छो निवेदक पूर्ण बहादुर पुन मगर रहेकोमा जेठो ओमे पुन मगर मिति २०१५।०७।०३ देखि अविवाहित अवस्थामा बेपत्ता रहेको देखिन आएकाले निज ओमे पुन मगर अविवाहित अवस्थामै बेपत्ता हुन, होइनन् ? निजका अन्य कोही हकदार छन्, छैनन् ? निवेदकको माग बमोजिम तपशिलको जग्गा नामसारी गरिदिन मिल्छ मिल्दैन? निजका अन्य कोही हकदार भएमा वा कोही कसैको दावी विरोध भएमा तथा तपाई ओमे पुन मगर जंहाकतै भएमा यो सूचना जारी भएको मितिले बाटोको म्यादवाहेक ३५ (पैतिस) दिनभित्र दावी विरोधका लागि स-प्रमाण यस कार्यालयमा आउनुहोला अन्यथा निवेदकको माग बमोजिम तपशिलको जग्गा पूर्ण बहादुर पुन मगरका नाममा एकलौटी नामसारी भै जाने व्यहोरा सम्बन्धित सबैको लागि सुचित गरिन्छ ।

तपशिल

| सि नं. | गा .वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | किसिम | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | हंसपुर | ४ | ४६३ | ५-६-०-० | पा.सी | जग्गाधनिको नाम: नरे पुन मगर नामसारी माग गर्ने: पूर्ण बहादुर पुन मगर |

# अङ्कुर बचत तथा ऋण सहकारी संस्था लिमिटेड सिद्धार्थनगरको सूचना

यस सहकारी संस्थाको १० औं वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा हुने भएकाले अनिवार्य उपस्थितिका लागि सम्पुर्ण शेयर सदस्य महानुभावहरुलाई हार्दिक अनुरोध गर्दछौं ।

**कार्यक्रम :**
मिति : २०७७ साल कार्तिक २२ गते शनिबार
समय : बिहान ८ बजे
स्थान : किंगस प्यालेस बर्मेलीटोल, सि.न.पा.-७ (आन्तरिक राजस्व कार्यालयको छेउमा)

चन्द्र भक्त श्रेष्ठ (सचिव)
**अङ्कुर बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**सिद्धार्थनगर**

